निर्णय न. १

कनकाई नगरपालिका धार्मीक तथा पर्यटीकय क्षेत्रका साथै हाल द्रुतगतिमा सहरिकरण भईरहेको हुनाले यस नगरलाई स्मार्ट सिटीको रुपमा बिकास गर्न आवश्यक देखीन्छ । तस अर्थ यस नगरलाई स्मार्ट / साईन्स सिटीको रुपमा बिकासगर्न आवश्यक पर्ने सम्पुर्ण कार्यहरु गरिदिनका लागि **NAST** लाई अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय न. २

यस कनकाई नगरपालिका अर्न्तगत लाग्ने घैलाडुव्वाको मवेशीहाट बजार कर पशु बजार मंगलबार र शुक्रबार लाग्ने हाटबजारकर दुर्गापुर लाग्ने आईतबारको हाटबजार कर समेत पटक पटक सूचना गर्दा बोलपत्र नभएकोले मिति २०७४।४।१० गते यस न.पा वडा न. ९ बस्ने दुर्गा ओलीले रु १९,५०,१००। रु उन्नाईस लाख पचास हजार एकसय मात्र मा घैलाडुव्वा बजारको सम्पुर्ण कर संकल गर्ने गरी निबदन पेश गरको हुदा सो भन्दा बढी अकंमा बजार लाग्न सक्ने अवस्था समेत नदेखीएको हुदा चालु आ.व २०७४।७५ का लागी यस नगरपालिका बाट तोकीएको दररेटमा एक मुष्ठ रकम जम्मा गरे पछी घैलाडुव्वा बजारको कर संकलनका लागी ईजाजत दिने र दुर्गापुर बजारको अलग्गै ठेक्का दिनु पर्ने अवस्था देखीएको हुदा सो बजारको कर संकलन गर्न यस न.पा वडा न. ३ बस्ने हेमन्त ढकालले रु १५००००। रु एकलाख पचास हजार मात्र बुझाउने गरी निवेदन पेश गरेको हुदा सो बजारको कर संकलन गर्न निजलाई एक मुष्ठ रकम जम्मा गरे पछी इजाजत दिने निर्णय गरीयो ।